## न्यूनतम शर्त तथा कार्यसम्पादन मापनमा सफल भई थप अनुदान प्राप्त गर्ने जिल्ला विकास समिति तथा नगरपालिकाहरुलाई पुरस्कार वितरण सम्वन्धी कार्यविधि, २०७२

**१. प्रस्तावना**

स्थानीय स्वायत्त शासन ऐन, २०५५ ले जिल्ला विकास समिति र नगरपालिकाहरुलाई राजश्व संकलन गर्ने अधिकार प्रदान गरेको र दफा २३६ बमोजिम नेपाल सरकारले अनुदान दिने व्यवस्था गरेको छ । स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २७३ 'घ' मा न्यूनतम शर्त तथा कार्यसम्पादन सूचकको आधारमा स्थानीय निकायहरुको मूल्याङ्कन गरी स्थानीय निकायलाई दिइने वार्षिक अनुदानमा थपघट गर्न र उत्कृष्ट कार्य गर्ने स्थानीय निकायहरुलाई पुरस्कृत गर्न सक्ने व्यवस्था भए बमोजिम यो पुरस्कार वितरण सम्वन्धी कार्यविधि, २०७२ तर्जुमा गरी लागु गरिएको छ ।

**१.१ संक्षिप्त नाम र प्रारम्भ**

(१) यो कार्यविधिको नाम "जिविस तथा नगरपालिकाहरुका लागि उपलब्ध गराउने पुरस्कार वितरण सम्वन्धी कार्यविधि, २०७२" रहने छ ।

(२) यो कार्यविधि तुरुन्त लागु हुनेछ ।

१.२ परिभाषा: बिषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) "जिल्ला विकास समिति" भन्नाले स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १७६ बमोजिम गठित जिल्ला विकास समिति सम्झनु पर्दछ ।

(ख) "नगरपालिका" भन्नाले स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ८० बमोजिम वर्गीकरण गरिएको महानगरपालिका, उपमहानगरपालिका र नगरपालिका समेतलाई सम्झनु पर्दछ ।

(ग) "आयोग" भन्नाले स्थानीय निकाय वित्तीय आयोगलाई सम्झनु पर्दछ ।

(घ) "मन्त्रालय" भन्नाले संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयलाई सम्झनु पर्दछ ।

(ङ) "आर्थिक बर्ष" भन्नाले श्रावण एक गतेबाट शुरु भई आषाढ मसान्तमा समाप्त हुने नेपाल सरकारले तोकेको आर्थिक बर्षको अवधिलाई सम्झनु पर्दछ ।

(च) "न्यूनतम शर्त" भन्नाले जिल्ला विकास समितिको न्यूनतम शर्त तथा कार्यसम्पादन कार्यविधि, २०६५ र नगरपालिकाको न्यूनतम शर्त तथा कार्यसम्पादन मापन कार्यविधि, २०६६ मा उल्लेख भएबमोजिमका न्यूनतम शर्त मापनका सूचक र मापनविधि समेतलाई सम्झनु पर्दछ ।

(छ) "कार्यसम्पादन मापन" भन्नाले जिल्ला विकास समितिको न्यूनतम शर्त तथा कार्यसम्पादन कार्यविधि, २०६५ (संशोधन र परिमार्जन सहित) र नगरपालिकाको न्यूनतम शर्त तथा कार्यसम्पादन मापन कार्यविधि,२०६६ मा उल्लेख भएबमोजिमका कार्यसम्पादन मापनका सूचक र मापन विधिसमेतलाई सम्झनु पर्दछ।

(ज) "पुरस्कार" भन्नाले न्यूनतम शर्त तथा कार्यसम्पादन मापनमा उत्तीर्ण भई थप पुँजीगत अनुदान प्राप्त गर्ने जिविस तथा नपाहरुलाई उपलब्ध गराईने निर्धारित रकमलाई सम्झनु पर्दछ। साथै जिल्ला विकास समिति र नगरपालिकामा कार्यरत कर्मचारीलाई न्यूनतम शर्त तथा कार्यसम्पादन मापनमा उत्कृष्ट अंक ल्याउन गरेको कार्य वापत प्रदान गरिने प्रोत्साहन वा पुरस्कार रकमलाई समेत जनाउँछ।

(२) उद्धेश्य :

**यस कार्यविधिको उद्धेश्यहरु निम्नानुसार रहेका छन्**

(क) न्यूनतम शर्त तथा कार्यसम्पादन मापनमा उत्कृष्ट नतीजा हासिल गर्ने जिल्ला विकास समिति तथा नगरपालिकाहरु र ती निकायहरुमा सम्लग्न भै कार्यरत कर्मचारीहरुलाई प्रोत्साहित गर्नु,

(ख) जिल्ला विकास समिति तथा नपाको समग्र कार्य सम्पादनमा सुधार ल्याई न्यूनतम शर्त तथा कार्यसम्पादन मापनमा उच्चतम अंकका साथ सफलता प्राप्त गर्न प्रोत्साहित गर्नु।

(ग) उत्कृष्ट कार्य सम्पन्न गर्ने कर्मचारीहरुलाई प्रोत्साहन रकम वितरण गर्ने कार्यलाई व्यवस्थित गर्ने।

**(३). पुरस्कारको रकम**

(क) न्यूनतम शर्त तथा कार्यसम्पादनमा उत्तीर्ण भई सबै भन्दा बढी अङ्क प्राप्त गरी उत्कृष्ट पहिलो हुने जिल्ला विकास समिति र नगरपालिकालाई रु. ३ लाखका दरले पुरस्कार प्रदान गर्ने।

(ख) न्यूनतम शर्त तथा कार्यसम्पादनमा उत्तीर्ण भई दोश्रो स्थान हासिल गर्ने जिल्ला विकास समिति र नगरपालिकाहरुलाई रु. २ लाख ५० हजारका दरले पुरस्कार प्रदान गर्ने।

(ग) न्यूनतम शर्त तथा कार्यसम्पादनमा उत्तीर्ण भई तेश्रो हुने जिल्ला विकास समिति र नगरपालिकालाई रु. २ लाखका दरले पुरस्कार प्रदान गर्ने।

(घ) न्यूनतम शर्त तथा कार्यसम्पादनमा उत्तीर्ण भई १५ प्रतिशत थप पुँजीगत अनुदान प्राप्त गर्ने सबै जिल्ला विकास समिति र नगरपालिकाहरुलाई रु. १ लाख २५ हजारका दरले पुरस्कार प्रदान गर्ने।

(ङ) न्यूनतम शर्त तथा कार्यसम्पादनमा उत्तीर्ण भई १० प्रतिशत थप पूँजीगत अनुदान प्राप्त गर्ने सबै जिल्ला विकास समिति र नगरपालिकाहरुलाई रु १ लाखका दरले पुरस्कार प्रदान गर्ने ।

(च) न्यूनतम शर्त तथा कार्यसम्पादन मापनको नतीजामा एकभन्दा बढी स्थानीय निकायले पहिलो, दोश्रो वा तेश्रो स्थान हासिल गरेमा प्रत्येकलाई तोकिएको रकम प्रदान गर्ने ।

(४). **पुरस्कार वितरण व्यवस्था**

(क) पुरस्कार राशी न्यूनतम शर्त तथा कार्यसम्पादन मापनको सूचकहरुलाई कर्मचारीको कार्य विवरणमा समावेश गरी सो को मूल्यांकन समेतका आधारमा सम्वन्धित जिल्ला विकास समिति र नगरपालिकाहरुले आन्तरिक निर्णय गरी खर्च गर्न सक्ने छन् ।

(ख) कर्मचारीहरु बीच पूरस्कार रकम बाँडफाँड गर्नको लागि सम्वन्धित स्थानीय निकायले कार्यविधि बनाई लागु गर्न सक्नेछ ।

(ग) स्थानीय निकायले पूरस्कार रकम वितरणको कार्यविधि बनाउँदा कर्मचारीको मनोवल, उत्प्रेरणा बढ्ने र क्षमता विकास हुने खालको न्यायोचित बितरण प्रणाली अपनाई मूल्याङ्कन भएको बर्षमा कम्तिमा ६ महिना कार्यरत भै उत्कृष्ट बनाउन सक्रिय रुपमा लागेका सो निकायबाट अन्यत्र सरुवा भैसकेको वा सेवा निवृत्त भै सकेका कर्मचारीहरुलाई समेत संलग्न गर्नु पर्नेछ ।